**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

**टंगाल, काठमाडौं**

मिति: २०७९।०९।१९ गते।

# प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी लाभ तथा हानी सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०७९।०९।१८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

सहायक प्रवक्ता

देवी प्रसाद थपलिया

देहायः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | भरतसिंह ऐर, केशवनाथ कट्टेल,राजेश कुमार के.सी. र मञ्जुतारा शाक्य ताम्राकार (वि.अ. को मु.नं. ०७५-CR-०३१०, वि.अ. को फैसला मिति २०७९।०५।०६) | गैरकानूनी रुपमा नक्सा सुधार गरी सरकारी जग्गा व्यक्ति विशेषको नाममा कायम गरी गराई भ्रष्टाचार गरेको। | • प्रतिवादीहरु भरत सिंह ऐर, केशव नाथ कट्टेल, राजेश कुमार के.सी. र नारायण दास श्रेष्ठलाई रु. १७,८१,२५०।—बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिमको जरिवानाको सजाय हुन र अर्का प्रतिवादी मन्जुतारा शाक्य ताम्राकारलाई रु. १७,८१,२५०। बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कैद, सजाय र बिगो बमोजिमको जरिवाना सजाय तथा मञ्जुतारा शाक्य ताम्राकारको नाममा गैरकानूनी रुपमा बनाएको कित्ता नम्बर १०२०, क्षेत्रफल ०-१०-०-० को फायल नक्सा, सोही नक्सा बमोजिम कायम प्लट रजिष्टर, जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी दर्ता प्रमाण पूर्जामा रहेको क्षेत्रफल बदर गरी साविक बमोजिमको क्षेत्रफल कायम गर्ने भनी मागदावी लिइएको। | <u>फैसलाः</u><br><br>१.प्रतिवादीहरु भरत सिंह ऐर, केशवनाथ कट्टेल,राजेस कुमार के.सी. र मञ्जुतारा शाक्य ताम्राकारलाई आरोपदावी बमोजिम कसुर ठहर भई कैद र जरिवाना समेतको सजाय भएको तथा प्रतिवादी नारायणदास श्रेष्ठलाई सफाई दिइएको र हाल निजको मृत्यु भइसकेको ।<br><br>२.प्रतिवादीहरुलाई कसुरदार ठहर गरिएको भएतापनि वादी नेपाल सरकारले मागदावी लिएको प्रतिवादी मध्येका मञ्जुतारा शाक्य ताम्राकारको नाममा गैरकानूनी रुपमा बनाएको कित्ता नम्बर १०२०, क्षेत्रफल ०-१०-०-० को फायल नक्सा, सोही नक्सा बमोजिम कायम प्लट रजिष्टर, जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी दर्ता प्रमाण पूर्जामा रहेको क्षेत्रफल बदर गरी साविक बमोजिमको क्षेत्रफल कायम गर्नेतर्फ फैसलामा केही उल्लेख नगरिएको। | • आरोपपत्र बमोजिमको कसुर ठहर भई कसुरदारहरुलाई कैद, जरिवाना र बिगो भराउने समेतको सजाय भइसकेपछि प्रतिवादी मध्येका मञ्जुतारा शाक्य ताम्राकारको नाममा गैरकानूनी रुपमा बनाएको कित्ता नम्बर १०२०, क्षेत्रफल ०-१०-०-० को फायल नक्सा, सोही नक्सा बमोजिम कायम प्लट रजिष्टर, जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी दर्ता प्रमाण पूर्जामा रहेको क्षेत्रफल बदर गरी साविक बमोजिमको क्षेत्रफल कायम गर्नेतर्फ फैसलामा केही उल्लेख नगरिएकोले सो हदसम्मको फैसला त्रुटीपूर्ण रहेको। |